# नेपाल-भारत उद्योग वाणिज्य संघ
## NEPAL-INDIA CHAMBER OF COMMERCE & INDUSTRY

द.नं.: ९०/०५१/५२
जि.प्र.का. काठमाडौं
स.क.प.द.नं.: १९७५८
पान नं: ३०२३१२११९
नक्साल, काठमाडौं ।


नेपाल-भारत उद्योग वाणिज्य संघका उपाध्यक्ष श्री सुनिल केसी
सिंगटी हाइड्रो इनर्जी लिमीटेडको संचालक समिति सदस्य (बोर्ड अफ डाईरेक्टर)
निर्वाचित हुनु भएको सम्बन्धमा
नेपाल-भारत उद्योग वाणिज्य संघको

## बिज्ञप्ति

यस नेपाल-भारत उद्योग वाणिज्य संघका उपाध्यक्ष श्री सुनिल केसी यस संघको सदस्य प्रतिष्ठान सिंगटी हाइड्रो इनर्जी लिमीटेडको संचालक समिति सदस्य (बोर्ड अफ डाईरेक्टर)मा निर्वाचित हुनुभएको छ । आज मिति २०८० साल असार १३ गते बुधबार (२८ जून २०२३) सम्पन्न कम्पनीको बाह्रौं तथा तेह्रौं बार्षिक साधारण सभाबाट निर्वाचित हुनुभएको हो ।

एशियन ईन्स्टिच्यूट अफ डिप्लोमेसी एण्ड ईन्टरनेशनल अफेयर्स (एआईडिआईए)का संस्थापक समेत रहेको श्री केसी सन् २०१५ देखी निरन्तर नेपालको कूटनीतिका बिषयमा कृयाशील रहँदै आउनुभएको भएतापनि बर्तमान समयमा नेपालको समग्र आर्थिक बिकासमा जलबिद्युत अत्यन्त भरपर्दो र लाभदायी क्षेत्र रहेको हुनाले उहां हाल नेपालको जलबिद्युत एवं उर्जा बिकास तथा उर्जा ब्यापारको बिषयमा बढी केन्द्रित भई बिभिन्न समयमा बिभिन्न पत्र पत्रिका तथा अन्य संचार माध्यमहरुमा उर्जा बिकासका सम्बन्धी लेखहरु प्रकाशित गर्दै उर्जा बिकासको क्षेत्रमा अपनाउनुपर्ने नीति लगायत बिषयहरुमा आफ्नो धारणा राख्दै आउनुभएका यूवा ब्यबसायी हुनुहुन्छ भने नेपालको द्रुत आर्थिक बिकासको लक्ष्य हासिल गर्नको लागी नेपालको भरपर्दो क्षेत्रको रुपमा रहेको जलबिद्युत क्षेत्र र यसका परियोजनाहरुमा बिदेशी लगानी अझ बिशेष गरी भारतीय लगानी आकर्षित गर्नमा उहां कृयाशील हुनुहुन्छ ।

यस संघको सदस्य प्रतिष्ठान सिंगटी हाइड्रो इनर्जी लिमीटेडको बोर्ड अफ डाईरेक्टरको रुपमा उहांको संलग्नताले सिंगटी हाइड्रो इनर्जीको साथै नेपालको समग्र जलबिद्युत उर्जाको क्षेत्रको बिकासमा योगदान पुग्नेछ भन्ने बिश्वास यस संघको रहेकोछ ।

यस संघको सदस्य प्रतिष्ठान सिंगटी हाइड्रो इनर्जी लिमीटेडको बाह्रौं तथा तेह्रौं बार्षिक साधारणसभाबाट संचालक समिति सदस्य (बोर्ड अफ डाईरेक्टर)मा निर्वाचित हुनुभएका निर्वाचित हुनुभएका सम्पूर्णमा हार्दिक बधाई तथा सफल कार्यकालको लागी यस संघ हार्दिक शुभकामना ब्यक्त गर्दछ ।

मार्शल राठौर
उपनिर्देशक
नेपाल-भारत उद्योग वाणिज्य संघ
एस अपार्टमेण्टस्, नारायणचौर, नक्साल, काठमाडौं ।
मितिः २०८० असार १३ गते बुधवार ।